महाकुलुङ गाउँपालिकाको आर्थिक ऐन, २०८२

सभाबाट स्वीकृत भएको मितिः २०८२ असार ११ गते

प्रस्तावना

महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्बयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम यस गाउँपालिकाको सोह्रौं गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम आर्थिक ऐन, २०८२ रहेको छ ।

२. **सम्पत्ति करः** यस गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम एकीकृत सम्पत्ती कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर जग्गा कर र बहाल करः** यस गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम घरजग्गा कर र गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल कर लगाइने र असूल उपर गरिनेछ ।

४. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूची ३ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र ब्यापार, ब्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची ४ बमोजिम ब्यबसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी, वनकस र प्रचलित कानुनले निषेध गरेको वाहेकका वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची ५ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा ब्यबस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची ८ बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **नापी सेवा शुल्कः** गाउँपालिका क्षेत्रभित्र अमिन सेवा उपलब्ध गराउदा र नक्सा पास निर्माण स्वीकृत गराउदा अनुसूची ९ बमोजिम शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

११. **मनोरञ्जन करः** गाउँपालिका भित्र कुनै पनि मनोञ्जनात्मक कार्यक्रम आयोजना गरिएबापत अनुसूची १० बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

१२. **बहाल बिटौरी करः** गाउँपालिका भित्र हाट बजार तथा पसलको गाउँपालिकाले निर्माण तथा रेखदेख गरेमा वा रेखदेख तथा सञ्चालन गरे वापत अनुसूची ११ बमोजिम कर लगाइने वा असूल उपर गरिनेछ ।

१३. **बिक्री तथा निकासी करः** गाउँपालिका क्षेत्रभित्रका ढुंगा, गिट्टी र बालुवाको बिक्री तथा निकासीमा अनुसूची १२ बमोजिम बिक्री तथा निकासी कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा ब्यबस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८२/३/१२

अध्यक्ष
महाकुलुङ गाउँपालिका

१४.**विविध सेवा शुल्क, सिफारिस दस्तुर, प्रयोग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भए सो कानुनमा अन्यथा व्यबस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

गाउँपालिकाले आफ्नो क्षेत्रमा सेवा संचालन गरे बापतको सेवा शुल्क र गाउँपालिकाको गाउँ कार्यपालिका कार्यालयबाट वा गाउँपालिका प्रमुखबाट कानुन बमोजिम जारी हुने विविध प्रकारका सिफारिस र गाउँपालिकाको पशु सेवा शाखाबाट उपलब्ध हुने उपचार सेवा, शब परीक्षण, बन्ध्याकरण, स्पेयरिङ लगायतका सेवाका लागि अनूसूची १३ बमोजिमको शुल्क तथा दस्तुर लगाइने र असूल गरिनेछ ।

ब्याकुलोडर प्रयोग गरेवापत तथा एम्बुलेन्स सेवा लिएवापत अनुसूची १३ बमोजिम प्रयोग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५.कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६.कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका

अनुसूची — १

सम्पत्ति करको दर

| क्र.सं. | सम्पत्ति करको दर | करको दर | कैफियत |
|---|---|---|---|
| १ | रु. १ देखि रु. ५ लाखसम्म | रु. ५०/- | |
| २ | रु. ५ लाख १ देखि रु. १० लाखसम्म | रु. १००/- | |
| ३ | रु. १० लाख १ देखि रु. १५ लाखसम्म | रु. १५०/- | |
| ४ | रु. १५ लाख १ देखि रु. २० लाखसम्म | रु. २००/- | |
| ५ | रु. २० लाख १ देखि रु. २५ लाखसम्म | रु. ३००/- | |
| ६ | रु. २५ लाख १ देखि रु. ३० लाखसम्म | रु. ४००/- | |
| ७ | रु. ३० लाख १ देखि रु. ३५ लाखसम्म | रु. ५००/- | |
| ८ | रु. ३५ लाख १ देखि रु. ४० लाखसम्म | रु. ६००/- | |
| ९ | रु. ४० लाख १ देखि रु. ४५ लाखसम्म | रु. ७००/- | |
| १० | रु. ४५ लाख १ देखि रु. ५० लाखसम्म | रु. ८००/- | |
| ११ | रु. ५० लाख १ देखि रु. ५५ लाखसम्म | रु. ९००/- | |
| १२ | रु. ५५ लाख १ देखि रु. ६० लाखसम्म | रु. १,०००/- | |
| १३ | रु. ६० लाख १ देखि रु. ६५ लाखसम्म | रु. १,२००/- | |
| १४ | रु. ६५ लाख १ देखि रु. ७० लाखसम्म | रु. १,४००/- | |
| १५ | रु. ७० लाख १ देखि रु. ७५ लाखसम्म | रु. २,०००/- | |
| १६ | रु. ७५ लाख १ देखि रु. ८० लाखसम्म | रु. २,५००/- | |
| १७ | रु. ८० लाख १ देखि रु. ८५ लाखसम्म | रु. ३,१००/- | |
| १८ | रु. ८५ लाख १ देखि रु. ९० लाखसम्म | रु. ३,८००/- | |
| १९ | रु. ९० लाख १ देखि रु. ९५ लाखसम्म | रु. ४,८००/- | |
| २० | रु. ९५ लाख १ देखि रु. १ करोडसम्म | रु. ६,०००/- | |
| २१ | रु. १ देखि माथि | रु. ८,०००/- | |

२०८२/३/१२

अध्यक्ष

महाकुलुङ गाउँपालिका

अनुसूची — २

घरजग्गा कर र बहाल कर

क) घरजग्गा करको दररेट

| क.सं. | घर जग्गाको मूल्य | करको दर | कैफियत |
|---|---|---|---|
| १ | रु. ५ लाखसम्म | ०.१०% | |
| २ | रु. ५ लाख १ देखि १० लाखसम्म | ०.१५% | |
| ३ | रु. १० लाख १ देखि माथि | ०.२०% | |
| ४ | घरधुरी कर | रु. १००/- | प्रतिघर वार्षिक |

ख) घर बहाल कर

गाउँपालिका क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा बहाल रकमको १०% (दश प्रतिशत) बहाल कर लाग्नेछ ।

अनुसूची — ३

मालपोत दररेट

| क.सं. | जग्गा वर्गीकरण | मालपोत करको दर (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|
| १ | आवासीय क्षेत्र | रु. १५/- | |
| २ | व्यवसायिक क्षेत्र | रु. २०/- | |
| ३ | औद्योगिक क्षेत्र | रु. १५/- | |
| ४ | कृषि क्षेत्र | रु. १०/- | |
| ५ | खानी तथा खनिज क्षेत्र | रु. २०/- | |
| ६ | वन क्षेत्र | रु. १५/- | |
| ७ | नदी, खोला, ताल, सिमसार क्षेत्र | रु. १५/- | |
| ८ | सार्वजनिक उपयोगको क्षेत्र | रु. १५/- | |
| ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | रु. १५/- | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

अनुसूची — ४

व्यवसाय करको दर र नवीकरण शुल्क

| क.सं. | विवरण | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. |
|---|---|---|---|
| १ | मदिरा (रक्सीजन्य तथा सुर्तीजन्य) व्यवसाय | | |
| | क) थोक विक्रेता | ३,०००/- | १,५००/- |
| | ख) खुद्रा विक्रेता | २,०००/- | १,०००/- |
| २ | इलेक्ट्रिक तथा इलेक्ट्रोनिक | | |
| | क) थोक विक्रेता | २,०००/- | १,०००/- |
| | ख) खुद्रा विक्रेता | १,५००/- | ५००/- |
| ३ | कपडा पसल | | |
| | क) रेडिमेड फेन्सी कपडा | २,०००/- | १,०००/- |
| | ख) स्थानीय उत्पादन विक्री | १,०००/- | ५००/- |
| ४ | दैनिक उपभोगका खाद्य पदार्थ (खाद्यान्न, तरकारी तथा फलफूल) | | |
| | क) थोक विक्रेता | १,५००/- | १,०००/- |
| | ख) खुद्रा विक्रेता | १,०००/- | ५००/- |
| ५ | पर्यटन व्यवसाय, होटेल रेष्टुरा, रिसोर्ट | | |
| | क) रु. २ लाखसम्म पुँजी भएका | १,०००/- | ५००/- |
| | ख) रु. २ लाख १ देखि रु. ५ लाखसम्म पुँजी भएका | १,५००/- | १,०००/- |
| | ग) रु. ५ लाख १ देखि रु. १० लाखसम्म पुँजी भएका | २,०००/- | १,०००/- |
| | घ) रु. १० लाख १ देखि रु. २५ लाखसम्म पुँजी भएका | ३,०००/- | १,५००/- |
| | ङ) रु. २५ लाख १ देखि रु. ५० लाखसम्म पुँजी भएका | ५,०००/- | ३,०००/- |
| | च) रु. ५० लाख १ देखि माथि पुँजी भएका | १०,०००/- | ६,०००/- |
| ६ | पुल, स्नुकर हाउस | २,५००/- | १,५००/- |
| ७ | कृषि तथा वनजन्य उद्योग | | |
| | क) वन पैदावरमा आधारित उद्योग (उत्पादन गर्ने) | ५,०००/- | २,५००/- |
| | ख) वन पैदावरमा आधारित व्यवसाय | २,०००/- | १,५००/- |
| | ग) कृषिमा आधारित उद्योग व्यवसाय | १,०००/- | ५००/- |
| ८ | उत्पादनमुलक उद्योग (कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य माल सामानको प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने) | २,०००/- | १,०००/- |



अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| ९ | विशेष परामर्श सेवा तथा अन्य व्यवसायिक सेवा | २,०००/- | १,०००/- |
| १० | निर्माण व्यवसाय | | |
| | क श्रेणीको | १०,०००/- | ५,०००/- |
| | ख श्रेणीको | ८,०००/- | ४,०००/- |
| | ग श्रेणीको | ६,०००/- | ३,०००/- |
| | घ श्रेणीको | ५,०००/- | २,५००/- |
| ११ | मर्मत सम्भार | | |
| | क) हेवी इक्यूमेन्टस बस, ट्रक आदि मर्मत ग्यारेज | ५,०००/- | २,५००/- |
| | ख) कार, मोटरसाइकल मर्मत ग्यारेज | २,०००/- | १,०००/- |
| | ग) रेडियो, मोबाइल, टि.भी., घडी, प्रेसर कुकर, हिटर, विद्युत सामग्री मर्मत केन्द्र | १,०००/- | ५००/- |
| १२ | हार्डवेयर एण्ड सप्लायर्स | | |
| | क) थोक विक्रेता | ३,०००/- | १,५००/- |
| | ख) खुद्रा विक्रेता | २,०००/- | १,०००/- |
| १३ | स्वास्थ्य सेवा | | |
| | क) क्लिनिक तथा ल्याब | ५,०००/- | २,०००/- |
| | ख) फार्मेसी | ५,०००/- | २,०००/- |
| १४ | संचार सेवा | | |
| | क) निजी क्षेत्रका इन्टरनेट, रेडियो आदि | २,०००/- | १,०००/- |
| १५ | शिक्षा सेवा | | |
| | क) निजी क्षेत्रका स्कूल तथा इन्स्टिच्युट | ५,०००/- | २,०००/- |
| | ख) तालिम तथा अनुसन्धान केन्द्र | ३,०००/- | १,५००/- |
| १६ | वित्तीय सेवा | | |
| | क) सहकारी संस्था | २,०००/- | १,०००/- |
| | ख) बचत समूह | १,०००/- | ५००/- |
| | ग) कृषि समूह | १,०००/- | ५००/- |
| १७ | अन्य सेवा | | |
| | क) ब्युटी पार्लर, टेलरिङ सेन्टर, फोटो स्टुडियो, सिलाई सेन्टर आदि | १,०००/- | ५००/- |
| | ख) साइन बोर्ड बनाउने, पेन्टिङ सेवा | १,०००/- | ५००/- |
| | ग) मासु विक्रेता | १,०००/- | ५००/- |



अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| | घ) भाडाकुँडा विक्रेता | १,०००/- | ५००/- |
| | ङ) बिरुवाको नर्सरी विक्रेता | १,०००/- | ५००/- |
| | च) मिल | १,०००/- | ५००/- |
| | छ) घट्ट | ५००/- | २००/- |
| | ज) विज्ञापन सेवा | ३,०००/- | १,०००/- |
| | झ) स्टिल/फलाम, काठ फर्निचर विक्रेता | २,०००/- | १,०००/- |
| | ञ) खेलौना, उपहार विक्रेता | १,०००/- | ५००/- |
| १८ | सुन चाँदी पसल | १,०००/- | ५००/- |
| १९ | स्टेशनरी पसल | १,०००/- | ५००/- |
| २० | थुक्पा, पाउरोटी, बिस्कुट, साबुन उद्योग | १,०००/- | ५००/- |
| २१ | अन्य व्यवसाय | १,०००/- | ५००/- |

क) माथि उल्लेख भएको व्यवसायहरूमा सोही अनुसार र नभएको हकमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाको बोर्ड बैठकबाट निर्णय गरी कर निर्धारण गरिने छ ।

ख) कुनै एक व्यवसायको इजाजत लिइ अन्य व्यवसाय समेत थप गरी व्यवसाय सञ्चालन गरेको हकमा माथि उल्लेखित दरले प्रत्येक व्यवसायमा २५ प्रतिशतले हुने रकम थप व्यवसाय कर लिइनेछ ।

ग) चालु आ.व. भित्र अशुल नभई अर्को आ.व. भित्र अशुल गर्दा २०% प्रतिशत थप विलम्ब शुल्क सहित अशुल गरिनेछ । चालु आ.व. अगावै कुनै लाग्ने शुल्क वा कर अग्रिम भुक्तानी गरेमा ५ प्रतिशत छुट दिइनेछ ।

## अनुसूची — ५

### जडिबुटीमा लगाइने कर

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मजिठो | प्रति के.जी | ५ | |
| २ | ओखरफलको बोक्रा | प्रति के.जी | ५ | |
| ३ | ओखर काण्ड बोक्रा | प्रति के.जी | १० | |
| ४ | चिराइतो | प्रति के.जी | ५ | |
| ५ | चुत्रोको बोक्रा | प्रति के.जी | ५ | |
| ६ | कुरिलोको जरा | प्रति के.जी | १० | |
| ७ | सुगन्धवाल | प्रति के.जी | १० | |
| ८ | अल्लो | प्रति के.जी | ५ | |
| ९ | झ्याउ | प्रति के.जी | १० | |



अध्यक्ष
महाकुलुङ गाउँपालिका

अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| १० | पाखनवेत | प्रति के.जी | १० | |
| ११ | लोक्ता/नेपाली कागज | प्रति के.जी | १० | |
| १२ | ठिङ्ग्रे सल्लाको सिम्टा | प्रति के.जी | ५ | |
| १३ | धसिंगरे तेल | प्रति के.जी | २०० | |
| १४ | अम्रिसो | प्रति के.जी | ५ | |
| १५ | तेजपत्ता | प्रति के.जी | ५ | |
| १६ | गोब्रे सल्लाको सिम्टा | प्रति के.जी | ५ | |
| १७ | नागवेली पाउडर | प्रति के.जी | ५ | |
| १८ | खोटो | प्रति के.जी | ४० | |
| १९ | गोब्रे सल्लाको पातको तेल | प्रति के.जी | ५ | |
| २० | भिर मह | प्रति लिटर | २५ | |
| २१ | सतुवा | प्रति के.जी | ५० | |
| २२ | धुपी पात | प्रति के.जी | १० | |
| २३ | नागबेली | प्रति के.जी | १० | |
| २४ | सुगन्धित तेल | प्रति के.जी | १०० | |
| २५ | साधारण च्याउ | प्रति के.जी | ५ | |
| २६ | इन्द्रेयिणी | प्रति के.जी | १० | |
| २७ | सल्लो उतीस र अन्य बरामदी काठ (गोलिया) | प्रति क्यु. फिट | १० | |
| २८ | सल्लो उतीस र अन्य बरामदी काठ (चिरान) | प्रति क्यु. फिट | १० | |
| २९ | बाँस | गोटा | ५ | |
| ३० | वन लसुन | प्रति के.जी | ५० | |
| ३१ | हाडे लसुन | प्रति के.जी | २० | |
| ३२ | कुरिलो | प्रति के.जी | १० | |
| ३३ | निगालो | प्रति के.जी | ३ | |
| ३४ | अलैंची काँचो | प्रति के.जी | ५ | |
| ३५ | अलैंची सुकेको | प्रति के.जी | १० | |
| ३६ | यार्सागुम्बा | प्रति के.जी | १,००० | |
| ३७ | लोठ सल्लाको पात | प्रति के.जी | १० | |
| ३८ | सुठो | प्रति के.जी | १० | |



अध्यक्ष
महाकुलुङ गाउँपालिका

अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ३९ | लप्सी | प्रति के.जी | ५ | |
| ४० | ऊन | प्रति के.जी | ५ | |
| ४१ | छुर्पी | प्रति के.जी | ५ | |
| ४२ | घिउ | प्रति के.जी | १० | |
| ४३ | सुनपाती | प्रति के.जी | १० | |
| ४४ | कवाडी सामान (१००० के.जी सम्म) | प्रति के.जी | १ | |
| ४५ | कवाडी सामान (१००० के.जी. भन्दा माथि) | प्रति के.जी | ३ | |
| ४६ | कवाडी सामान — तामा पित्तल | प्रति के.जी | ५० | |
| ४७ | पदमचाल | प्रति के.जी | १० | |
| ४८ | टिमुर | प्रति के.जी | १० | |
| ४९ | अमला | प्रति के.जी | ५ | |
| ५० | अर्गेली | प्रति के.जी | ५ | |
| ५१ | जटामसी | प्रति के.जी | ५०० | |
| ५२ | निरमसी | प्रति के.जी | ५०० | |

महाकुलुङ गाउपालिका भित्र उत्पादन भई निकासी हुने माथि उल्लेखित बाहेक अन्य वस्तुहरूको हकमा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची — ६

## सवारी साधन कर

केन्द्र वा प्रदेशमा सवारी साधन दर्ता तथा अनुमति लिएका सबै प्रकारका सवारी साधनहरू महाकुलुङ गाउँपालिका क्षेत्र भित्र नियमित रुपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखीकरण गरी सञ्चालनको अनुमति लिनु पर्नेछ । जसको लागि प्रदेश सरकारले तोके बमोजिमको दर लाग्नेछ ।

## अनुसूची — ७

## विज्ञापन कर

| क.सं. | विवरण | इकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | निजी आवासमा | प्रति वर्ग फिट | ५० | |
| २ | मदिरा र सुर्तिजन्य वस्तुको विज्ञापन | प्रति वर्ग फिट | १०० | |
| ३ | अन्य वस्तुका विज्ञापन | प्रति वर्ग फिट | ५० | |
| ४ | सार्वजनिक स्थानमा ब्यानर टाँगेमा (७ दिनसम्म) | प्रति वर्ग फिट | ७ | सो पछि थप रु. ५ |



अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | |
|---|---|
| ५ | आफ्नो व्यवसाय परिचयको लागि १५ वर्ग फिटसम्म १ थान बोर्ड व्यवसायीले आफ्नो पसल या व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन् र अन्य धेरै बोर्ड राख्नु परेमा माथिको दररेटमा सम्बन्धित व्यवसायीले विज्ञापन कर वापत बुझाउनु पर्नेछ । |

## अनुसूची — ८

### पार्किङ शुल्क

| क्र.सं. | सवारीको किसिम | इकाई | शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | प्रतिघण्टा | ५ | |
| २ | हलुका सवारी साधन | प्रतिघण्टा | १० | |
| ३ | हेभि सवारी साधन | प्रतिघण्टा | १५ | |

पटके शुल्क

यस गाउँपालिकामा बाहिरबाट फलफूल तथा खाद्यान्न ल्याई बिक्री वितरण गर्दा प्रतिपटक निम्नानुसारको शुल्क बुझाउनु पर्नेछ ।

बोलेरो तथा जिपमा सामान ल्याई बिक्री गर्दा रु. १,०००/-

ट्याक्टर तथा ट्रकमा सामान ल्याई बिक्री गर्दा रु. २,०००/-

## अनुसूची — ९

### नापी सेवा शुल्क

क) महाकुलुङ गाउँपालिकाबाट सबै वडामा अमिन सेवा उपलब्ध गराउदा लिने सेवा शुल्क

| क्र.सं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | क) ५ रोपनीसम्म जग्गा भएकोलाई १ कित्ता मान्ने<br>ख) ५ रोपनीदेखि १० रोपनीसम्म<br>ग) १० रोपनीदेखि माथि | क) २,५००<br>ख) ३,०००<br>ग) ३,५०० | |

ख) नक्सा पास तथा निर्माण स्वीकृत दस्तुर

१. तीन तल्लासम्मको लागि मात्रः आर.सि.सि. ढलान घर प्रतिवर्ग फिट - सडक बाटो भएको क्षेत्रमा रु. ५ र सडक नभएको क्षेत्रमा रु. ३ तथा नक्सा पास नगरी बनाएको खण्डमा तोकिएको शुल्कमा ५० प्रतिशत थप दस्तुर लाग्नेछ ।

२. आर.सि.सि. बाहेकका घर प्रतिवर्ग फिट - सडक बाटो भएको क्षेत्रमा रु. ४ र सडक बाटो नभएको क्षेत्रमा रु. २ तथा नक्सा पास नगरी बनाएको खण्डमा तोकिएको शुल्कमा ५० प्रतिशत थप दस्तुर लाग्नेछ ।

३. नक्सा पास निर्माण सम्पन्न भएका घरहरूको नामसारी गर्नु पर्दा हाल कायम रहेको नक्सापास दस्तुरको १० प्रतिशत वा न्यूनतम मूल्य रु. १,००० मध्ये जुन बढी हुन आउछ सोहि अनुसारको दस्तुर लिई नामसारी गरिनेछ ।

४. नक्सा पास प्रमाण पत्र र घर निर्माण सम्पन्न प्रमाण पत्रको दस्तुर रु. ५०० र सोको प्रतिलिपि दस्तुर रु. १,००० लिइ प्रतिलिपि सरोकारवालालाई दिइनेछ । Plinth Level भन्दा माथि Supper Structure को नक्सा पास गरी निर्माण सम्पन्न प्रमाण पत्र २ वर्षभित्र नलिएमा बिलम्ब दस्तुर रु. ३,००० वा लाग्ने राजश्वको २५ प्रतिशत मध्ये जुन बढी हुन्छ सो बराबरको थप दस्तुर लिई निर्माण सम्पन्न पत्र प्रदान गरिनेछ ।

५. घर निर्माणको लागि नक्सा पास गरे पनि २ वर्षसम्म विविध कारणले घर निर्माण नगरेमा नक्सा पास शुल्क फिर्ता हुने छैन र सो अवधि पछि पुनः अनुमति तथा नक्सा लिनु पर्नेछ ।

## अनुसूचि — १०

### मनोरञ्जन कर

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | जादु, सर्कस (प्रति पटक) | २०० | |
| २ | नाटक (प्रति पटक) | २०० | |
| ३ | दोहोरी साँझ (वार्षिक) | १,००० | |
| ४ | मेला महोत्सव (प्रतिदिन) | १,००० | |
| ५ | सांगीतिक कार्यक्रम | १,००० | |
| ६ | खेलकुद कार्यक्रम | १,००० | |
| ७ | अन्य मनोरञ्जन कर | १,००० | |

## अनुसूची — ११

### बहाल बिरौटी कर

| क्र.सं. | गा.पा.ले निर्माण तथा रेखदेख गरेको | कर रकम रु. (वार्षिक) | रेखदेख तथा सञ्चालन गरेको | कर रकम रु. |
|---|---|---|---|---|
| १ | हाट बजार | ५,००० | हाट बजार | ३,५०० |
| २ | पसल | ५,००० | पसल | ३,५०० |
| ३ | अन्य | ५,००० | अन्य | ३,५०० |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

## अनुसूची — १२

## बिक्री तथा निकासी कर

क) निकासी तथा सहजीकरण शुल्क

| क.सं. | विवरण | इकाई | कर, दस्तुर, शुल्क रु. मा | कैफियत |
|---|---|---|---|---|
| १ | ढुंगा, गिट्टी र बालुवा | प्रदेश कानुन अनुसार | | |

ख) बिक्री, निकासी शुल्क

| क.सं. | विवरण | इकाई | शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आलु | प्रति क्विन्टल | ५० | |
| २ | सिमी | प्रति क्विन्टल | १०० | |
| ३ | जौ, गहुँ, कोदो, मकै | प्रति क्विन्टल | ५० | |
| ४ | भेडा | प्रति गोटा | १० | |
| ५ | च्याङ्ग्रा | प्रति गोटा | १० | |
| ६ | बाख्रा | प्रति गोटा | १० | |
| ७ | सुंगुर/बंगुर | प्रति गोटा | १० | |
| ८ | चौरी | प्रति गोटा | १०० | |
| ९ | याक | प्रति गोटा | २०० | |
| १० | गाई | प्रति गोटा | ५० | |
| ११ | भैंसी/राँगा | प्रति गोटा | ५० | |
| १२ | खच्चड/घोडा | प्रति गोटा | १०० | |
| १३ | कुखुरा/हाँस | प्रति गोटा | ५ | |

## अनुसूची — १३

## विविध सेवा शुल्क, सिफारिस दस्तुर, प्रयोग शुल्क

क) पर्यटन प्रवेश शुल्क

| क.सं. | राष्ट्रियता | प्रवेश शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | सार्क राष्ट्र भित्रका पर्यटक प्रति व्यक्ति | १,००० | |
| २ | सार्क राष्ट्र बाहिरका पर्यटक प्रति व्यक्ति | २,००० | |

ख) पर्यटकीय क्षेत्रमा स्थानीयले व्यवसाय सञ्चालन गरेमा लाग्ने कर

| क्र.सं. | व्यवसायको किसिम | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | पर्यटकीय होटल, लज | १०,००० | ५,००० | गाउँपालिका भन्दा बाहिरका बासिन्दाले व्यवसाय सञ्चालन गरेमा थप ५०% लाग्ने |
| २ | खुद्रा तथा थोक पसल | ६,००० | ३,००० | |
| ३ | चिया पसल, भट्टी पसल तथा होटल | ३,००० | १,५०० | |

ग) ब्याकुलोडर प्रयोग गरेवापतको सेवा शुल्क सम्बन्धी दर रेट

| क्र.सं. | विवरण | इकाई | दर रेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | इन्धन बाहेक | प्रति घण्टा | २,५०० | |
| २ | इन्धन सहित | प्रति घण्टा | ४,००० | |

घ) एम्बुलेन्स सेवा शुल्क सम्बन्धी दररेट

| क्र.सं. | देखि | सम्म | दर रेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्था | आसपास | ७०० | ३ किलो मिटर भित्रको दुरी वरिपरिसम्मको लागि |
| २ | महाकुलुङ आधारभूत अस्पताल | सोताङसम्म | १,५०० | |
| ३ | महाकुलुङ आधारभूत अस्पताल | पेल्माङ | ७०० | |
| ४ | महाकुलुङ आधारभूत अस्पताल | छेस्काम | १,५०० | |
| ५ | महाकुलुङ आधारभूत अस्पताल | तुमाउ | १,५०० | |
| ६ | महाकुलुङ आधारभूत अस्पताल | गुदेल | १,५०० | |
| ७ | महाकुलुङ आधारभूत अस्पताल | चाचालुङ | १,५०० | |
| ८ | महाकुलुङ आधारभूत अस्पताल | निम्चोला | २,००० | |
| ९ | महाकुलुङ आधारभूत अस्पताल | फाप्लु | ५,००० | |
| १० | महाकुलुङ आधारभूत अस्पताल | ओखलढुंगा | १०,००० | |
| ११ | महाकुलुङ आधारभूत अस्पताल | काठमाडौं | २०,००० | |
| १२ | महाकुलुङ आधारभूत अस्पताल | सुनसरी | २२,००० | |
| १३ | महाकुलुङ आधारभूत अस्पताल | मोरङ | २२,००० | |
| १४ | महाकुलुङ आधारभूत अस्पताल | झापा | २५,००० | |

बुल्तोसुम, थोकोदो हुँदै चाचालुङ, गुदेल, तुमाउ जाँदा रु. १,५००/१,५०० र छेस्काम वा नाम्लुङ हुँदै चाचालुङ, गुदेल, तुमाउ जाँदा थप रु. ५००/५०० लिइनेछ ।



अध्यक्ष
महाकुलुङ गाउँपालिका

पालिका भरिका गर्भवती महिलाहरू वा ८० वर्ष वा सो भन्दा माथिका वृद्ध वृद्धाहरूको उपचारका गर्न स्वास्थ्य संस्था लैजादा शुल्क लिइनेछैन ।

अति विपन्न नागरिकहरूको उपचार गर्न स्वास्थ्य संस्था लैजादा कार्यपालिकाको निर्णयले निःशुल्क गराउन सकिनेछ ।

ङ) सिफारिस दस्तुर तथा प्रमाण पत्र दस्तुर

| क.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित | २०० | |
| २ | जन्म मिति प्रमाणित | २०० | |
| ३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | २०० | |
| ४ | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | ५०० | |
| ५ | घर पाताल प्रमाणित | २०० | |
| ६ | व्यक्तिगत विवरण सिफारिस तथा प्रमाणित | २०० | |
| ७ | जिवितसँग नाता प्रमाणित | २०० | |
| ८ | मृतकसँग नाता प्रमाणित | २०० | |
| ९ | हकवाला वा हकदार प्रमाणित | २०० | |
| १० | घर, जग्गाको मूल्याङ्कन सिफारिस तथा प्रमाणित | कुल मुल्याङ्कनको ०.२५% | |
| ११ | घर जग्गा नामसारी सिफारिस | २०० | |
| १२ | आम्दानी प्रमाणित | कुल आम्दानीको ०.२५% | |
| १३ | नागरिकता सर्जिमिन मुचुल्का/सबै मुचुल्का | ५०० | |
| १४ | नागरिकता विवरण संशोधन सिफारिस | ३०० | |
| १५ | नागरिकता सिफारिस | २०० | |
| १६ | नागरिकता प्रतिलिपि सिफारिस | ३०० | |
| १७ | फरक फरक नाम थर जन्ममिति प्रमाणित तथा दुवै नाम गरेको व्यक्ति एकै भएको सिफारिस | २०० | |
| १८ | बहाल करको लेखाजोखा सिफारिस | २०० | |
| १९ | स्वास्थ्य उपचार सिफारिस | २०० | |
| २० | निःशुल्क स्वास्थ्य उपचारको सिफारिस | निःशुल्क | |
| २१ | पुर्जामा घर कायम गर्ने सिफारिस | २०० | |
| २२ | जग्गा धनी पुर्जा हराएको सिफारिस | ३०० | |
| २३ | कित्ताकाट गर्ने सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| २४ | नामसारी गर्न सिफारिस | २०० | |
| २५ | उद्योगको ठाउँसारी गर्न सिफारिस | १,००० | |
| २६ | निजी विद्यालय खोल्न सिफारिस | २,००० | |
| २७ | निजी विद्यालयको कक्षा थप गर्न सिफारिस | १,००० | |
| २८ | पालनपोषणका लागि सिफारिस | निःशुल्क | |
| २९ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| ३० | पेन्सन नामसारी | २०० | |
| ३१ | संस्था दर्ता, नवीकरण सिफारिस | २०० | |
| ३२ | सहकारी तथा वित्तीय संस्था दर्ता सिफारिस | ५०० | |
| ३३ | कर चुक्ताको लागि सिफारिस | २०० | |
| ३४ | आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी र मुस्लिम सिफारिस | २०० | |
| ३५ | जल विद्युत सञ्चालन सिफारिस (१०० कि.वा.सम्म) | ५,००० | |
| ३६ | जल विद्युत सञ्चालन सिफारिस (१०० कि.वा. देखि १० मे.वा.सम्म) | १०,००० | |
| ३७ | जल विद्युत सञ्चालन सिफारिस (१० मे.वा. भन्दा बढी) | २०,००० | |
| ३८ | सभाहल प्रयोग अनुमति (प्रतिदिन) | २,००० | गै.स.स.ले प्रयोग गर्दा साझेदारी कार्यक्रम बाहेकमा लिने |
| ३९ | पञ्जीकरण शुल्क | २०० | |
| ४० | लेनदेनको कागजात तयार गरेको | ५०० | |
| ४१ | मोहि लगत कट्टा सिफारिस | २०० | |
| ४२ | घर कायम सिफारिस | २०० | |
| ४३ | पक्की घर निर्माण सम्पन्न | २,००० | |
| ४४ | कच्ची घर निर्माण सम्पन्न | ५०० | |
| ४५ | वैदेशिक रोजगारीको लागि सिफारिस | ५०० | |
| ४६ | छात्रवृत्ति सिफारिस | ५० | |
| ४७ | अपाङ्गता सिफारिस | निःशुल्क | |
| ४८ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निःशुल्क | |
| ४९ | अस्थायी बसोबास सिफारिस | २०० | |



अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| ८१ | व्यक्तिगत घटना दर्ता पञ्जीकरण त्रुटी/गल्ती सच्याउने/सच्याउन सिफारिस | ५०० | |
| ८२ | पक्की घरको सर्जमिन वापत | ३०० | |
| ८३ | अन्य सबै प्रकारको सर्जमिन वापत | ३०० | |
| ८४ | विपद/राहत/क्षतिपूर्ति सिफारिस | निःशुल्क | |
| ८५ | कक्षा ८ को प्रमाण पत्र हराएको प्रतिलिपि | ३०० | |
| ८६ | बैंक खाता सञ्चालन तथा बन्द सिफारिस | २०० | |
| ८७ | अनुदानका लागि सिफारिस अन्य कार्यालयमा | ५०० | |
| ८८ | उल्लेखित बाहेक अन्य सिफारिस वा प्रमाणित | २०० | |

च) अन्य सेवा शुल्क

| क.सं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | न्यायिक समितिमा उजुरी तथा निवेदन दर्ता | २०० | |
| २ | निर्माण व्यवसायी सूचीकृत हुन लाग्ने शुल्क | १,००० | |

न्यायिक समितिमा अति विपन्न व्यक्तिले उजुरी तथा निवेदन दर्ता गरेमा शुल्क लिइनेछैन ।

छ) पशु सेवा शाखाबाट उपलब्ध हुने सेवा सम्बन्धी शुल्क

- उपचार सेवा शुल्क

| क.सं. | विवरण | इकाई | शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गाई, भैसी | प्रति गोटा | २० | |
| २ | भेडा, बाखा, बंगुर र खरायो | प्रति गोटा | १५ | |
| ३ | कुकुर, बिरालो | प्रति गोटा | ५० | |
| ४ | कुखुरा, हाँस, अन्य पन्छी | प्रति गोटा | ५ | |
| ५ | हात्ति, घोडा, खच्चड, बाँदर, अन्य जंगली जनावर | प्रति गोटा | ५० | |

- शव परीक्षण शुल्क

| क.सं. | विवरण | इकाई | शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गाई, भैसी | प्रति गोटा | २०० | |
| २ | भेडा, बाखा, बंगुर र खरायो | प्रति गोटा | १०० | |
| ३ | कुकुर, बिरालो | प्रति गोटा | १०० | |
| ४ | कुखुरा, हाँस, अन्य पन्छी | प्रति गोटा | ५० | |



अध्यक्ष
महाकुलुङ गाउँपालिका

अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ५ | हात्ति, घोडा, खच्चड, बाँदर, अन्य जंगली जनावर | प्रति गोटा | ५०० | |

- बन्ध्याकरण सेवा

| क्र.सं. | विवरण | इकाई | शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बंगुर, कुकुर, बोका | प्रतिगोटा | १०० | |
| २ | साँढे, राँगो, चौरी/याक | प्रतिगोटा | २०० | |

- स्पेयरिङ

| क्र.सं. | विवरण | इकाई | शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बंगुर, कुकुर | प्रति गोटा | २०० | |
| २ | बंगुर, हर्निया | प्रति गोटा | २०० | |

- रगत, दुध, पिसाब परीक्षण — रु. १००
- गोबर परीक्षण — रु. २०

अध्यक्ष
महाकुलुङ गाउँपालिका